# मानव अधिकारपत्र

*राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन*

वर्ष ९ अङ्क १ वैशाख २०८३

# विस्थापित सुकुम्बासी नागरिकहरूको मानव अधिकार अवस्था अनुगमन

## उनीहरूको मानव अधिकार सुरक्षित गर्न सरकारलाई सिफारिस

राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालयबाट २०८३/०१/१२, १३, १४, १७ र २१ गते खटिएको अनुगमन टोलीले सरकारले हटाएको सुकुम्वासी रहेको भनिएका वस्तीहरू ( थापाथली, सिनामङ्गल, गैरीगाउँ र मनोहरालगायत नदीकिनारा र आश्रयको लागि तोकिएका होल्डिङ सेन्टरहरू (कीर्तिपुर स्थित राधास्वामी सत्संग व्यास, भक्तपुरको खरिपाटी र बोडेको कृषि तालिम केन्द्र, दशरथ रङ्गशालालगायतका स्थलमा अनुगमन गरेको थियो । अनुगमनबाट प्राप्त तथ्यको आधारमा देखिएका समस्यालाई सम्बोधन गर्न आयोगले २०८३ वैशाख २८ गते प्रतिवेदनसहित नेपाल सरकारलाई सिफारिस गरेको छ ।

### अनुगमनबाट प्राप्त तथ्यहरू र सिफारिसको सङ्क्षिप्त विवरण र प्राप्त तथ्यहरू

### १. बस्ती हटाउने कार्यको अवस्था

- वागमती नदी किनारका सार्वजनिक तथा सरकारी जग्गामा रहेका अनधिकृत बस्ती हटाउने कार्य सुरक्षाकर्मीको उपस्थितिमा सञ्चालन गरिएको
- थापाथलीदेखि सिनामङ्गल, गैरीगाउँ हुँदै मनोहरासम्म घरटहरा भत्काइएको
- घर, विद्यालय, धार्मिक स्थल लगायत सबै संरचना हटाइएको
- विस्थापित व्यक्तिहरूले अत्यन्त अव्यवस्थित अवस्थामा सामान सार्नुपरेको
- कतिपयलाई सरकारले ढुवानी सुविधा दिएको जानकारी नै नभएको
- धेरै मानिसहरू कहाँ जाने भन्ने अन्योलमा रहेका
- बिहानैदेखि डोजर चल्दा प्रभावितहरू भोकै बस्नुपरेको

### २. तथ्याङ्क तथा विस्थापनको अवस्था

- विस्थापित परिवारहरूको विवरण सङ्कलन गरी विभिन्न अस्थायी आवास केन्द्र (होल्डिङ सेन्टर) मा राखिएको
- केही परिवार आफन्त वा भाडाको कोठामा बस्न गएका
- राधास्वामी सत्संग, बोडे कृषि तालिम केन्द्र र खरिपाटी विद्युत तालिम केन्द्रमा परिवारहरू राखिएको
- दैनिक रूपमा तथ्याङ्क अद्यावधिक भइरहेको

### ३. अस्थायी बासस्थानको अवस्था

- पहिलो चरणमा विस्थापितहरूलाई कीर्तिपुरस्थित राधास्वामी सत्संग आश्रम, होटल, लज तथा अन्य स्थानमा राखिएको
- टेन्ट तथा अस्थायी टहरामा वर्षात् र धेरै जना बस्नुपर्दा कठिनाइ हुनुको साथै गोपनीयता कायम हुन नसकेको
- नागार्जुन नगरपालिकामा केही परिवारका लागि व्यवस्था गरिएको

## ४. खाद्य तथा पोषणको अवस्था

- प्रभावितहरू सुरुवाती दिनहरूमा भोकै रहेका
- बिहान-बेलुकाको खाना तथा चिया-बिस्कुट उपलब्ध गराइएको
- सुत्केरी, गर्भवती, बालबालिका तथा जेष्ठ नागरिकका लागि पोषणयुक्त खाना अभाव रहेको
- साना बालबालिकालाई ल्याक्टोजिन किनेर खुवाउनुपरेको
- टेन्टमा ग्यास बाल्न नपाउँदा आफैँ खाना पकाउन समस्या भएको

## ५. खानेपानी तथा शौचालय

- अस्थायी आवास केन्दहरूमा खानेपानी र शौचालयको व्यवस्था गरिएको्

## ६. स्वास्थ्यको अवस्था

- कतिपय व्यक्तिहरू दीर्घरोगी रहेका र अस्पताल आवतजावतमा यातायात समस्या रहेको
- कतिपय बिरामीहरूको औषधि तथा उपचारसम्बन्धी कागजात घर भत्काइँदा हराएको
- एक कुष्ठरोगीले औषधि नपाएको अवस्था भेटिएको
- स्वास्थ्य शिविर तथा चिकित्सक टोलीले सेवा प्रदान गरिरहेको
- मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवा पनि सञ्चालन गरिएको

## ७. बालबालिकाको अवस्था

- बालबालिकाहरू राहत पाल (टेन्ट) मै बस्न बाध्य भएका
- विद्यालय जान यातायात सुविधा अभाव भएको
- बालबालिका मानसिक रूपमा त्रसित र भविष्यप्रति अन्योलमा रहेका
- केही अशक्त बालबालिकाको विशेष उपचार आवश्यक रहेको
- एक छात्राले बोर्ड परीक्षा अगाडि बसोबास व्यवस्थापन गरिदिन आग्रह गरेकी

## ८. रोजगारी तथा जीविकोपार्जन

- महिलाहरू घरेलु तथा दैनिक ज्यालादारी काममा संलग्न रहेका
- पुरुषहरू चालक तथा मजदुरी कार्य गर्दै आएका
- बसोबासरत स्थान टाढा हुँदा नियमित काममा जान कठिनाइ भएको साथै रोजगारीमा प्रत्यक्ष असर परेको

## ९. लैङ्गिक समस्या

- महिलाहरूलाई सेनिटरी प्याडको अभाव भएको
- धेरैसँग एक जोरभन्दा बढी कपडा नभएको
- सुत्केरी र गर्भवती महिलाहरूलाई आवश्यक कपडा तथा सामग्रीको अभाव रहेको

## १०. अन्य महत्त्वपूर्ण सवालहरू

- चौपाया तथा सामानहरू अलपत्र परेको
- समयमै पर्याप्त सूचना नदिँदा हतारमा घर छोड्नुपरेको गुनासो प्राप्त भएको
- परिवार, शिक्षा र रोजगारीको भविष्यप्रति मानिसहरू चिन्तित रहेका
- विस्थापितहरूमा मानसिक त्रास र भविष्यप्रति अन्योलता रहेको
- मानव अधिकार तथा सम्मानको संरक्षण नभएको गुनासो गरिएको
- डोजर प्रयोगको त्रासका कारण दुई जनाले आत्महत्या गरेको विषयमा अनुसन्धान भइरहेको

## सिफारिस सारांशः

- सुकुम्बासीहरूको पहिचान गरी वैकल्पिक बसोबासको व्यवस्था गरेपछि मात्र सरकारी जग्गा खाली गराउन
- घर-टहरा भत्काउँदा भएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन
- होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउन
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई विशेष प्राथमिकता र सुरक्षित व्यवस्थापन गर्न
- पोषणयुक्त खाना तथा लैङ्गिक संवेदनशील सुविधाको व्यवस्था गर्न

- महिला र बालबालिकाको गोपनीयता सुनिश्चित गर्न
- बालबालिकाको गुणस्तरीय शिक्षा र पठनपाठनको व्यवस्था मिलाउन
- प्रभावित व्यक्तिहरूको रोजगारी र जीविकोपार्जन निरन्तरता हुने व्यवस्था गर्न
- नदी किनारा तथा सरकारी जग्गामा रहेका सुकुम्बासीहरूको यथार्थ विवरण तयार गरी व्यवस्थापनपछि मात्र हटाउने कार्य गर्न

*नोट : यससम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट https://www.nhrcnepal.org/press_release/detail/881 मा हेर्न सकिन्छ ।*

## घरेलु हिंसापछि माइतीमा बस्न बाध्य महिलाको पुनर्स्थापना



आयोगको वागमती प्रदेश कार्यालय हेटौंडाको सक्रियता र पहलमा घरेलु हिंसाका कारण माइतीमा बस्न बाध्य एक महिलालाई पुन: घरमा बस्ने वातावरण सिर्जना गरिएको छ । सिन्धुली जिल्लाको कमलामाई नगरपालिका १ स्थायी घर भई हाल मकवानपुरको हेटौंडा उपमहानगरपालिका १४ मा माइतीघरमा बस्दै आएकी एक ३० वर्षीया महिलालाई घर फर्काएर सुरक्षित रूपमा बसोबास गराउने विषयमा आयोगले अनुगमन तथा सहजीकरण गरेको हो ।

पीडित महिलालाई उनका श्रीमान् तथा परिवारका सदस्यबाट घरेलु हिंसा गरी माइतीमा ल्याइ छाडिएको र निज महिलासँगै रहेको बालकको पालनपोषणमा समेत समस्या भएको भन्दै दलित महिला संघ (फेडो), हेटौंडाले पीडित महिलाको तर्फबाट आयोगमा उजुरी परेको थियो ।

उक्त उजुरीको सन्दर्भमा २०८३ साल वैशाख १० गते आयोगका नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईंसहितको टोलीले सम्बन्धित महिलाको माइतीघरमा पुगेर भेटघाट तथा सोधपुछ गरेको थियो । अनुगमनका क्रममा पीडितले विवाहपछि स्वास्थ्य समस्याका कारण नियमित उपचार गराउँदै आएको, तर परिवारबाट सहयोगको साटो गालीगलौज र मानसिक दबाब खेप्नुपरेको बताएकी थिइन् ।

पीडित महिलाका अनुसार गत वर्ष वैशाख महिनामा श्रीमान्ले माइती पुऱ्याएर छाडेपछि पुन: लिन नआएको, सम्पर्कसमेत न्यून हुँदै गएको र अन्तत: आफूसहित सन्तानको हेरचाहमा कठिनाइको अवस्था सिर्जना भएको थियो । पीडितकी आमाले समेत छोरीलाई घर फर्काउन प्रयास गर्दा बेवास्ता गरिएको र आर्थिक तथा सामाजिक रूपमा समस्या भेल्नुपरेको गुनासो गरेकी थिइन् ।

यसैबीच, २०८३ वैशाख ११ गते आयोगको समन्वयमा दलित महिला संघ, स्थानीय सरोकारवाला तथा समुदायका प्रतिनिधिहरूसहित सिन्धुलीस्थित घरमै पुगेर दुवै पक्षबीच छलफल तथा सहजीकरण गरिएको थियो । स्थानीय जनप्रतिनिधि, मेलमिलाप समितिका सदस्य तथा छिमेकीहरूको उपस्थितिमा भएको छलफलमा दुवै पक्षका गुनासा सुन्नुका साथै आपसी समझदारी कायम गराउने प्रयास गरिएको थियो ।

छलफलका क्रममा श्रीमान्ले आफ्नी पत्नीको उपचारका लागि विगतमा प्रयास गरेको बताउँदै पारिवारिक जिम्मेवारी र आर्थिक अवस्था चुनौतीपूर्ण रहेको धारणा व्यक्त गरेका थिए । यद्यपि, उनले पत्नीलाई घरमा राख्न अस्वीकार नगरेको र आपसी समझदारी आवश्यक रहेको बताएका थिए । उक्त छलफलपछि दुवै पक्षलाई सम्झाइबुझाइ गरी पुन: सँगै बस्ने सहमति गराइएको छ । यस सम्बन्धमा आयोगले निरन्तर अनुगमन समेत गर्दै आएको छ । ( ***नोट:पीडितको गोपनीयताको संरक्षणका लागि नाम गोप्य राखिएको छ*** )

## आयोगको पहल र सत्याग्रह अन्त्य


सार्वजनिक सरोकारका विषयमा विभिन्न मागहरू राखी आमरण अनसन बसी सत्याग्रह आन्दोलनमा रहेका धर्मेन्द्रकुमार कर्णले आयोगको अनुगमनपश्चात् सम्बन्धित निकायहरूमा भएको समन्वयात्मक पहलपछि मधेश प्रदेश सरकारबाट माग सम्बोधन गर्ने प्रतिबद्धतासँगै सत्याग्रह आन्दोलन अन्त्य गरेका छन् । माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार, भ्रष्टाचारविरुद्धको अधिकारको प्रभावकारी कार्यान्वयन तथा मठ-मन्दिरका जग्गा व्यक्तिको नाममा दर्ता गर्ने कार्य तत्काल रोक्नुपर्ने लगायतका



मागहरू राखि धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० निवासी धर्मेन्द्रकुमार कर्ण वैशाख ६ गतेदेखि जनकचोकस्थित जनक मन्दिर प्राङ्गणमा आमरण अनशनमा बसेका थिए ।

आमरण अनसनका कारण निजको स्वास्थ्य अवस्था कमजोर हुँदै गएपछि आयोगको मधेश प्रदेश कार्यालय प्रमुख बुद्धनारायण साहनीको नेतृत्वमा इन्सेकका प्रदेश संयोजक राजु पासवान, मानव अधिकार रक्षक वीरेन्द्रलाल कर्ण साथै सञ्चारकर्मीहरूको टोलीले वैशाख ८ गते सत्याग्रह स्थल पुगेर कर्णको स्वास्थ्य अवस्था र मागबारे जानकारी लिएको थियो । अनुगमनपश्चात आयोगले सम्बन्धित निकायहरूमा समन्वय र ध्यानाकर्षण गरेको थियो ।

मधेश प्रदेशका मुख्यमन्त्रीले यस विषयलाई गम्भीर रूपमा लिँदै सुनुवाइका लागि प्रदेश शिक्षा मन्त्री रानीकुमारी तिवारीलाई अनशनस्थलमा पठाएका थिए । शिक्षा मन्त्री तिवारीले सत्याग्रहीले उठाएका विषयवस्तु गम्भीरतापूर्वक अध्ययन गरी तिनको



राष्ट्रिय मानव अधिकार आयोग
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा

प्रेस नोट

प्रदेश शिक्षा मन्त्रिको संवाद एवम् प्रतिबद्धता पश्चात सत्याग्रह आन्दोलन बन्द

बुद्धनारायण साहनी
सहसचिव
कार्यालय प्रमुख

www.nhrcnepal.org

कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेपछि कर्णले मन्त्रीबाट जुस ग्रहण गर्दै सत्याग्रह अन्त्य गरेका थिए । त्यसपछि उनलाई स्वास्थ्य परीक्षणका लागि प्रदेश अस्पताल जनकपुर पठाइएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयले प्रेस नोट जारी गर्दै सत्याग्रहीका माग सम्बोधन गर्न मधेश प्रदेश सरकार र मानव अधिकार रक्षक तथा सञ्चारकर्मीहरूले निर्वाह गरेको भूमिकाको सराहना गर्दै धन्यवाद ज्ञापन गरेको छ ।

## मानव अधिकारसम्बन्धी छलफल



आयोगका अध्यक्ष तपबहादुर मगरको प्रमुख आतिथ्यतामा आयोगको कोशी प्रदेश शाखा कार्यालय खोटाङमा सरकारी एवं सुरक्षा निकाय तथा गैर-सरकारी संस्था, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न भएका छन् ।

कार्यक्रममा जिल्लाको मानव अधिकार अवस्था, सुरक्षा, सामाजिक चुनौती तथा नागरिकका समस्यासम्बन्धी विषयमा छलफल भएका थिए । वैशाख ७ गते सम्पन्न सरकारी तथा सुरक्षा निकायसँगको छलफल कार्यक्रममा खोटाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले जिल्लामा विभिन्न विषयमा ज्ञापनपत्र आउने गरेको तथा आत्महत्याका घटनामा वृद्धि भइरहेको जानकारी गराउनुभयो ।



सुरक्षा निकायका प्रतिनिधिहरूले आयोगबाट माग गरिएका विषयमा नियमित रूपमा जवाफ पठाइने गरेको, जिल्लामा शान्तिसुरक्षा कायम गर्ने क्रममा बल प्रयोग गर्नुपर्ने अवस्था सिर्जना नभएको तथा पछिल्ला चार-पाँच वर्षदेखि हिरासतमा मृत्युका घटना शून्य रहेको जानकारी गराएका थिए । उनीहरूले कतिपय अपराधका घटनामा कानुनी प्रक्रियामा गइसकेका विषयमा समेत ज्ञापनपत्र, जुलुस तथा दबाबमूलक कार्यक्रम हुने गरेको बताएका थिए ।

कार्यक्रममा जिल्ला न्यायाधीश फणिन्द्रप्रसाद पराजुली, प्रमुख सेनानी केदारप्रसाद लामिछाने, प्रहरी नायव उपरीक्षक प्रकाश बुढाथोकी, सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र न्यौपाने तथा प्रमुख अनुसन्धान अधिकृत रमेश अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी वैशाख ८ गते आयोजित गैरसरकारी संस्थासँगको छलफल कार्यक्रममा सहभागीहरूले जिल्लामा यौन हिंसा, जबरजस्ती करणी, आत्महत्या, बालविवाह, बेरोजगारी, वैदेशिक आप्रवासन, ज्येष्ठ नागरिकको दयनीय अवस्था, मजदुरले लामो समयसम्म ज्याला नपाउने समस्या तथा अपाङ्गता भएका व्यक्तिमाथि हुने विभेद लगायतका विषयहरू उठाएका थिए ।

छलफलमा दूधकोशी हाइड्रोपावर आयोजनाले मुआब्जा नदिई वर्षौंदेखि जग्गा रोकी राख्दा स्थानीय नागरिक समस्यामा परेको विषयसमेत उठाइएको थियो । सहभागीहरूले सामाजिक सञ्जालको प्रभावका कारण बालविवाह बढिरहेको, बाँदर आतंकका कारण खाद्य अधिकार प्रभावित भएको तथा निर्दोष व्यक्तिलाई क्षतिपूर्ति दिने कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन नभएको गुनासो गरेका थिए ।

कार्यक्रममा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, पत्रकारहरू, नागरिक समाजका प्रतिनिधि तथा ज्येष्ठ नागरिकहरूको सहभागिता रहेको थियो । छलफलका क्रममा आयोगका अध्यक्ष तप बहादुर मगरले सहभागीहरूले उठाएका जिज्ञासा तथा सवालहरूको सम्बोधन गर्दै मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धनको लागि सबै पक्षको समन्वय र सहकारिता अपरिहार्य रहेको बताउनुभएको थियो ।

## नेपाल सरकारले प्राथमिकता दिनुपर्ने मानव अधिकारका विषयहरु सरकार समक्ष पेश

नेपालको संविधान, अन्य प्रचलित कानून र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि महासन्धिले सुनिश्चत गरेका मानव अधिकार सम्बन्धी दायित्वको कार्यान्वयनमा वर्तमान सरकारले दिनुपर्ने प्राथमिकताका विषयहरूको लागि गरिनुपर्ने कार्यहरू समेत उल्लेख गरी आयोगले नेपाल सरकारलाई पत्राचार गरेको छ ।

वैशाख २५, २०८३ मा प्रेषित पत्रमा मौलिक हकको कार्यान्वयन, कानूनी सुधार, सङ्क्रमणकालीन न्याय, मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, विकास र मानव अधिकार, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट प्राप्त सुझाव र राष्ट्रिय मानव अधिकार आयोगको सुदृढीकरण, निर्वाचन र मानव अधिकार एवम् सार्वजनिक सेवाप्रवाह र मानव अधिकारका क्षेत्रमा गरिनुपर्ने समग्र कार्यको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ । आयोगले प्रेषित गरेका विषयहरूलाई नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने अपेक्षा आयोगले लिएको छ । यससम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.nhrcnepal.org/press_release/detail/882 मा उल्लेख गरिएको छ ।

## अन्तराष्ट्रिय श्रम सङ्गठन महासन्धिसम्बन्धी कार्यशाल

राष्ट्रिय मानव अधिकार आयोगले वैशाख २५ गते ललितपुरमा अन्तराष्ट्रिय श्रम सङ्गठन (क्ष्लतभचलबतष्यलबा िबदयगच इचनबलष्शबतष्यल) सँगको सहकार्यमा आइएलओ (क्षिइ) महासन्धि नं. १००, १११ र १९० अन्तर्गत लैङ्गिक समानता तथा समावेशीकरणमा आयोगको भूमिका विषयक एकदिने कार्यशाला सम्पन्न गरेको छ । कार्यकमको उद्घाटन सत्रमा आयोगका सचिव मुरारिप्रसाद खरेल र आइएलओ नेपालका राष्ट्रिय निर्देशक






९ऋयगलतचथ म्चभअतयच० लक्ष्बल इशअबल ले मन्तव्य व्यक्त गर्नुभएको थियो । मन्तव्यका क्रममा सचिव खरेलले नेपालले अनुमोदन गरेका आइएलओ महासन्धिहरूको व्यवस्था राष्ट्रिय कानुनमा समावेश भई प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको

छ वा छैन भन्ने विषयमा आयोगले निरन्तर अनुगमन गर्दै आएको बताउनुभयो । कार्याक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय निर्देशक लक्ष्बल इशअबल ले श्रम अधिकारलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । आइएलओ महासन्धिको महासन्धि नं. १०० र १११ नेपालले अनुमोदन गरिसकेको भए पनि व्यवहारमा विभेद कायम रहेको उल्लेख गर्दै महासन्धि नं. १९० अनुमोदनका लागि आवश्यक पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो । कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै आयोगका उपसचिव तथा सामूहिक अधिकार महाशाखा प्रमुख लोकनाथ वास्तोलाले कार्यक्रमको उद्देश्य तथा आयोग र अन्तराष्ट्रिय श्रम सङ्गठन नेपालबीचको सहकार्यबारे स्पष्ट पार्नुभएको थियो । आयोगका सहसचिव तथा प्रवर्धन विभाग प्रमुख नवराज सापकोटाले श्रम अधिकार संरक्षणमा आयोगको भूमिकाबारे प्रकाश पार्दै सुझाव तथा धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गर्नुभएको थियो ।

कार्यशालामा समान पारिश्रमिक, कार्यस्थलमा हुने विभेद, हिंसा तथा उत्पीडन उन्मूलन, अन्तर्राष्ट्रिय श्रम मापदण्ड, सुपरिवेक्षण प्रणाली तथा महासन्धि कार्यान्वयनका विषयमा विस्तृत छलफल गरिएको थियो । यसैगरी महिला, दलित, घरेलु श्रमिक, आप्रवासी तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूबीच असमानता, असुरक्षा तथा न्यायमा सीमित पहुँचको सामना गरिरहेको विषय पनि उठान गरिएको थियो । कार्यक्रमले प्रभावकारी अनुगमन, अभिलेखीकरण, उजुरी संयन्त्र तथा बहुपक्षीय सहकार्यलाई थप सुदृढ बनाउनुपर्ने निष्कर्ष निकालेको छ ।

कार्यशालाको समन्वय तथा सहजीकरण आयोगकी मानव अधिकार अधिकृत सुमित्रा देवी राई तथा आइएलओ नेपालका भ्धएल परियोजना अधिकृत कृपा बस्न्यातले गर्नुभएको थियो । कार्यक्रममा क्षिक भ्हउभचत भ्भिलब न्भचबकरुयखब, प्राध्यापक ल्पष्तब ीथगतयख तथा अधिवक्ता रुक्मणी महर्जनले प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यशालाको उद्घाटन सत्रको अध्यक्षता आयोगका सदस्य मनोज दुवाडीले गर्नुभएको थियो । कार्यक्रममा आयोगका केन्द्रीय कार्यालय, प्रदेश कार्यालय तथा प्रदेश शाखा कार्यालयका ४० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## वनकरिया समुदायको आवास अधिकारबारे छलफल

मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नं. ४ स्थित मुसेधापमा बसोवास गर्ने लोपोन्मुख वनकरिया समुदायको आवास तथा भूमि अधिकारसम्बन्धी विषयमा सरोकारवालाहरूवीच छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

वैशाख २४ गते आयोगको सभाहलमा सम्पन्न छलफल कार्यक्रममा वनकरिया समुदायका प्रतिनिधिहरूले राष्ट्रिय निकुञ्ज अन्तर्गतको वन क्षेत्रमा सरकारले नै आफूहरूलाई बसोवास गराएको भए पनि २० वर्षे अवधि समाप्त भएपछि कबुलियती वनको पट्टा नवीकरण नगरेको तथा स्थायी बसोवासको व्यवस्था नगरेको गुनासो गरेका थिए । उनीहरूले आफूहरू बसिरहेको



जग्गामा स्वामित्व स्थापित गराइदिन तथा लालपुर्जा उपलब्ध गराइदिन माग गरेका थिए ।

नेपाल सरकारले बि.सं. २०६२ सालमा ट्वाङ्गेडाँडाबाट स्थानान्तरण गरी २० वर्षका लागि कबुलियती वनमार्फत उपलब्ध गराएको भूमिमा हाल २५ घरधुरी वनकरिया समुदाय बसोवास गर्दै आएका छन्। छलफल कार्यक्रममा वनकरिया समुदायका प्रतिनिधिहरूसँग उनीहरूका समस्या र मागका विषयमा विस्तृत छलफल गरिएको थियो । ट्वाङ्गेडाँडा वनकरिया विकास संघकी अध्यक्ष सन्तमाया वनकरियाले आयोगका अध्यक्ष तपबहादुर मगरलाई स्मरणपत्र बुझाउनुभएको थियो । कार्यक्रममा आयोगका मा. अध्यक्ष तपबहादुर मगरले वनकरिया समुदाय जहाँ बसोवास गरिरहेको छ त्यहीँ वा आवश्यक परे अन्यत्र भए पनि सुरक्षित रूपमा बस्न पाउने अधिकार सुनिश्चित हुनुपर्नेमा आयोगले आवश्यक पहल गर्ने बताउनुभयो ।

आयोगका सहसचिव नवराज सापकोटाले आयोगले प्रत्यक्ष रूपमा लालपुर्जा वितरण गर्ने नभई सरकारलाई सिफारिस गर्ने अधिकार राख्ने स्पष्ट पार्नुभयो । उहाँले हालको कानुनी व्यवस्थाअनुसार मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने व्यक्तिलाई लालपुर्जा दिने प्रावधान नरहेको उल्लेख गर्दै समुदायको आवास अधिकार सुनिश्चित गर्न सरकारलाई उत्तरदायी बनाउन आयोगले पहल गर्ने बताउनुभयो । यसै सन्दर्भमा आयोगले वनकरिया समुदायको मानव अधिकार अवस्थाबारे अध्ययन तथा अनुगमन प्रक्रिया अघि बढाएको छ । आयोगले उक्त समुदायको आवास अधिकारसँग सम्बन्धित विषयमा सङ्घ तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू र स्थानीय तहलाई पत्राचारसमेत गरिसकेको छ ।

## बाल अधिकार र नागरिकता समस्याबारे अनुगमन



आयोगको गण्डकी प्रदेश कार्यालयको नेतृत्वमा विभिन्न मानव अधिकार संस्थाका प्रतिनिधिहरूसहितको टोलीले तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं. २ मा बाल अधिकार तथा नागरिकता समस्यासम्बन्धी अनुगमन गरेको छ ।

टोलीले वडा नं. २ बस्ने दुई नाबालकमाथि आमाको दोस्रो श्रीमान् अर्थात् सौतेनी बाबुले कुटपिट गर्नुका साथै खानासमेत नदिएको भन्ने सूचनाका आधारमा वैशाख २७ गते अनुगमन गरेको थियो । अनुगमनका क्रममा ती नाबालकहरूमाथि कुटपिट भएको र जन्मदर्तासमेत नभएको पाइएको छ। निज नावालकहरूको बाबुको ठेगाना भने अझै खुल्न सकेको छैन ।

अनुगमनकै क्रममा उक्त वडामा रहेको सुकुम्बासी वस्तीमा जन्मदर्ता, विवाह दर्ता तथा नागरिकता प्राप्त गर्न नसकेका नागरिकहरूको सङ्ख्या उल्लेखनीय रहेको पाइएको छ ।

त्यसैगरी उक्त वडास्थित च्यावन धाममा रहेका ज्येष्ठ नागरिकहरूसँग समेत टोलीले छलफल तथा अन्तरक्रिया गरेको थियो । छलफलका क्रममा उपस्थित ज्येष्ठ नागरिकहरूले आफूहरूसँग नागरिकता नभएकाले नागरिकता प्राप्तिका लागि सहयोग गरिदिन टोलीसमक्ष अनुरोध गरेका थिए । उक्त



अनुरोधसँगै टोलीले तत्कालै सम्बन्धित नगरपालिकाका बाल कल्याण अधिकारीलाई कार्यक्रमस्थलमै बोलाई ध्यानाकर्षण गराएको थियो ।

पीडित दुई नाबालकहरूको समस्याका सम्बन्धमा उनीहरूको सर्वोत्तम हितलाई मध्यनजर गर्दै आवश्यक कानुनी तथा संरक्षणसम्बन्धी प्रक्रिया आयोगबाट अगाडि बढाइएको छ ।

अनुगमन टोलीमा आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख नीतु गर्तौला, इन्सेकका गण्डकी प्रदेश प्रमुख गणेश भण्डारी, सिविन कास्कीका प्रमुख शंकर नेपाली, मानव अधिकारकर्मी सरस्वती सिग्देल र राजन रिमाल सहभागी रहेका थिए ।

## विद्यार्थीहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण



आयोगको केन्द्रीय कार्यालयले विभिन्न शैक्षिक संस्थासँग आबद्ध विद्यार्थीहरूलाई मानवअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। वैशाख १४ गते नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानअन्तर्गत नर्सिङ महाविद्यालयमा अध्ययनरत स्नातकोत्तर तह प्रथम वर्षका ३३, वैशाख २४ गते जनप्रशासन क्याम्पस, कीर्तिपुर र वैशाख २८ गते एम्नेस्टी इन्टरनेशनल-नेशनल ल कलेज युथ नेटवर्कबाट अध्ययन भ्रमणमा आएका ३१/३१ जना विद्यार्थीहरूलाई अभिमुखीकरण गरिएको हो ।

कार्यक्रममार्फत विद्यार्थीहरूलाई मानव अधिकारसम्बन्धी विषयमा जानकारी प्रदान गर्नुका साथै आयोगको कार्यप्रणालीबारे व्यवहारिक अनुभवको बारेमा समेत जानकारी गराइएको थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई आयोगको काम, कर्तव्य तथा अधिकारका विषयमा जानकारी गराइएको थियो । सो क्रममा आयोगले हाल सञ्चालन गरिरहेका गतिविधि, मानव अधिकार संरक्षण तथा प्रवर्धनका क्षेत्रमा भइरहेका कार्य तथा चुनौतीबारे प्रस्तुतीकरण र अन्तरक्रियात्मक छलफल भएको थियो ।

अन्तरक्रियाका क्रममा सहभागीहरूले नेपालको समसामयिक मानव अधिकार अवस्था, आयोगको भूमिका तथा कार्यसम्पादनमा देखिएका चुनौतीबारे जिज्ञासा साथै विचार प्रकट गरेका थिए । विशेषतः छलफल जेन्जी (Gen–Z) आन्दोलनका क्रममा भएका मानवीय क्षति, सुकुम्बासी समस्या तथा नेपालको वर्तमान मानव अधिकार अवस्थाका विषयमा केन्द्रित थियो। कार्यक्रममा आयोगका मा. सदस्य लिली थापा, सचिव मुरारिप्रसाद खरेल, सहसचिव नवराज सापकोटालगायत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

यसैगरी अध्ययन भ्रमणका क्रममा सहभागीहरूले आयोगको अभिलेख कक्षको अवलोकन पनि गरेका थिए । अवलोकनमार्फत अभिलेख व्यवस्थापन, उजुरी दर्ता प्रक्रिया तथा अनुसन्धानसम्बन्धी कार्यप्रणालीबारे जानकारी प्रदान गरिएको थियो । आयोगले यस्ता अध्ययन भ्रमण तथा अभिमुखीकरण कार्यक्रमले विद्यार्थी तथा युवाहरूमा मानव अधिकारप्रति सचेतना अभिवृद्धि गर्नुका साथै आयोगको भूमिका र कार्यप्रणालीबारे व्यवहारिक ज्ञान हासिल गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ ।

## दलित अधिकारको अवस्था र चुनौती विषयक अन्तरक्रिया



राष्ट्रिय मानव अधिकार आयोगले "नेपालमा दलित समुदायको अधिकारको अवस्था, चुनौती र आगामी कार्यदिशा" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । आयोगको केन्द्रीय कार्यालयस्थित सभा हलमा आयोजित कार्यक्रममा दलित समुदायको मानव अधिकार अवस्था, विद्यमान चुनौती तथा आगामी कार्यदिशाका विषयमा व्यापक छलफल गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले नेपालमा संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवहारिक कार्यान्वयन कमजोर रहेको बताएका थिए। विशेषतः जातीय विभेद, छुवाछुत, हिरासतमा मृत्यु, अन्तरजातीय सम्बन्धसँग जोडिएका हिंसाका घटना तथा न्यायमा पहुँचसम्बन्धी चुनौतीहरूबारे गम्भीर चासो व्यक्त गरिएको थियो ।

छलफलका क्रममा मानव अधिकारकर्मी तथा सरोकारवालाहरूले आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन नभएको, संस्थागत समन्वय कमजोर रहेको तथा दलित समुदायले अझै सामाजिक, आर्थिक र सांस्कृतिक विभेद भोगिरहेको सम्बन्धमा धारणा राखेका थिए। सहभागीहरूले दलित समुदायमाथि हुने विभेद अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई सामाजिक सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेकोमा जोड दिएका थिए ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले राज्यले केही सकारात्मक पहल गरे पनि दलित समुदायको अधिकार सुनिश्चितताका लागि अझै गहिरो र कार्यमुखी प्रयास आवश्यक रहेको बताउनुभयो। उहाँले सिन्धुली तथा रोल्पा घटनामा निष्पक्ष अनुसन्धानका लागि सम्बन्धित निकायलाई सचेत गराइएको जानकारी पनि दिनुभयो। आयोगका सचिव मुरारिप्रसाद खरेलले हिरासतमा हुने मृत्यु तथा जातीय विभेदका घटनामा आयोग सक्रिय रूपमा संलग्न रहेको बताउँदै न्याय सुनिश्चितताका लागि सम्बन्धित निकायहरूसँग समन्वय आवश्यक रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा आयोगका उपसचिव लोकनाथ बास्तोलाले आयोगले स्थापनाकालदेखि नै दलित अधिकारसम्बन्धी उजुरी ग्रहण, अनुगमन तथा अनुसन्धान गर्दै आएको भए पनि कानुनी तथा संवैधानिक प्रगतिका बाबजुद व्यवहारिक सुधार अझै अपेक्षित स्तरमा पुग्न नसकेको उल्लेख गर्नुभयो । कार्यक्रमको समापन मन्तव्यका क्रममा आयोगका सदस्य मनोज दुवाडीले "दलित" शब्दको स्पष्ट कानुनी परिभाषा हालसम्म नबनेको उल्लेख गर्दै संविधानको धारा ४० कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा सक्रिय पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले जातीय विभेद तथा छुवाछुतसम्बन्धी घटनामा आयोग निरन्तर संवेदनशील रहेको र कार्यक्रमबाट प्राप्त सुझावहरूलाई आयोगले आफ्नो कार्यक्षेत्रभित्र रहेर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमबाट दलित समुदायको अधिकार संरक्षणका लागि संवैधानिक तथा नीतिगत व्यवस्था भए पनि तिनको प्रभावकारी कार्यान्वयनमा अझै चुनौती कायम रहेको निष्कर्ष निकालिएको थियो । जातीय विभेद अन्त्यका लागि राज्य, संवैधानिक निकाय, नागरिक समाज तथा समुदायबीच समन्वित र दीर्घकालीन प्रयास आवश्यक रहेकोमा जोड दिइएको थियो। आयोगका सदस्य मनोज दुवाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सङ्घीय संसद्का सदस्यहरू, राष्ट्रिय दलित आयोगका प्रतिनिधिहरू, विभिन्न सरकारी निकाय, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी, अनुसन्धानकर्ता तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
नेत्रबहादुर गौतम
पवन भण्डारी